सुनिलस्मृती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर,रोल्पा
लुम्बिनी प्रदेश,नेपाल

प.सं:कृ.शा-०९-२०८१/०८२ मिति : २०८१/०५/१६

च.नं: ने. सं.११४४ गुंलागा-४ आइतबार

## ७५% अनुदानमा गहुँको उन्नत बीउ वितरण सम्बन्धि सूचना !

सुनिलस्मृति गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ७५% अनुदानमा गहुँको उन्नत बीउ वितरण गर्ने कार्यक्रम रहेको हुँदा यस गाउँपालिका भित्र रहेका कृषक, कृषक समूह र कृषि सहकारीहरुले आवश्यक बीउको परिमाण तथा जात खुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८१/०५/३० गते कार्यालय समय) भित्र सम्बन्धित वडा कार्यालय/कृषि विकास शाखामा तपसिल बमोजिमका कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१) निवेदन (तोकिएको ढाँचामा)

२) नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

३) कृषक समुह/कृषि सहकारीको हकमाः दर्ता प्रमाणपत्र प्रतिलिपी, सदस्य संख्या तथा बीउको जात र परिमाण खुल्ने निर्णयको प्रतिलिपी।

............२०८१।५।१६
(मोतिम आलम)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

नोटः गहुको बीउ प्रति रोपनी ६ के.जी. का दरले उपलब्ध गराईनेछ।

# निवेदनको ढाँचा (नमुना)

मितिः २०८०/०५/....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुनिलस्मृति गाउँपालिका,
सुलिचौर, रोल्पा।

विषयः गहुँको बीउ माग गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा सुनिलस्मृति गाउँपालिका कृषि विकास शाखाको मिति २०८१/०५/१६ गते प्रकाशित सूचना **"७५% अनुदानमा गहुँको उन्नत बीउ वितरण कार्यक्रम"** अनुसार तपसिल बमोजिमको बीउ उपलब्ध गराईदिनु हुन निवेदनका साथ अनुरोध छ।

तपसिलः

| क्र. स. | बाली | जात | खेती गरिने जग्गाको क्षेत्रफल (रोपनीमा) | आवश्यक बीउको परिमाण (के.जी. मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | गहुँ | | | | |
| | | | | | |

निवेदकः
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नं

नि. प्रमुख प्रशासकीय अधिकृत